राष्ट्रिय दैनिक

# समाचार दैनिक


जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३०१ २०८३ जेठ १३ गते बुधवार (27 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## तीन दिन वर्षा र हावाहुरीको सम्भावना



दैनिक समाचारदाता

काठमाडौं, १२ जेठ । जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले आगामी तीन दिन देशका विभिन्न क्षेत्रमा वर्षा, मेघगर्जन, चट्याङ्ग र हावाहुरीको सम्भावना रहेको जनाएको छ ।

महाशाखाका अनुसार हाल बागमती, गण्डकी, लुम्बिनी, कर्णाली तथा सुदूरपश्चिम प्रदेशका हिमाली र पहाडी भूभागका केही स्थानमा मेघगर्जन र चट्याङ्गसहित वर्षा भइरहेको छ ।

मंगलबार राति सातै प्रदेशका विभिन्न स्थानमा हल्कादेखि मध्यम वर्षा हुने सम्भावना रहेको छ । विशेषगरी कोशी, मधेस, बागमती र गण्डकी प्रदेशका तराई तथा पहाडी क्षेत्रमा हावाहुरी चल्न सक्ने पूर्वानुमान गरिएको छ ।बुधबार पनि देशभर मौसम बदली रहने र विभिन्न स्थानमा वर्षा जारी रहने महाशाखाले जनाएको छ । साथै सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराई क्षेत्रमा अत्यधिक गर्मी हुने सम्भावना छ । अपराह्नपछि मधेस प्रदेशसहित कोशी, बागमती र गण्डकी प्रदेशका केही स्थानमा हावाहुरी चल्न सक्ने चेतावनी दिइएको छ ।

यस्तै, बिहीबार पनि मधेस प्रदेश लगायत कोशी, बागमती र गण्डकी प्रदेशका तराई तथा पहाडी भूभागका केही स्थानमा हावाहुरीको सम्भावना रहेको महाशाखाले जनाएको छ । मौसमविद्हरूले चट्याङ्ग, हावाहुरी र वर्षाबाट हुन सक्ने जोखिमप्रति सतर्क रहन सर्वसाधारणलाई आग्रह गरेका छन् ।

# ‘माग सम्बोधन नभए आन्दोलन गर्ने चेतावनी’



दैनिक समाचारदाता

जनकपुरधाम, १२ जेठ । मधेश आन्दोलनका शहिद परिवार तथा घाइतेहरूले आफ्ना मागहरू लामो समयदेखि सम्बोधन नभएको भन्दै मधेश प्रदेश सरकारलाई ज्ञापनपत्र बुझाएका छन् । माग पूरा नभए जेठ १९ गतेदेखि कडा आन्दोलनमा उत्रिने चेतावनीसमेत उनीहरूले दिएका छन् ।

मधेशी शहिद एवं घाइते हकहित संघर्ष समितिले प्रदेश प्रमुख क्गचभलमचब िबदज प्बचल लाई बुझाएको ज्ञापनपत्रमा मधेश आन्दोलनका क्रममा ज्यान गुमाएका शहिद परिवार र घाइतेहरूको अवस्था अझै दयनीय रहेको उल्लेख गरिएको छ ।

समितिका अध्यक्ष अवधेश प्रसादले आन्दोलन र बलिदानको उपलब्धिस्वरूप स्थापना भएको प्रदेश सरकारले पटक-पटक ध्यानाकर्षण गराउँदा पनि आफ्ना मागप्रति बेवास्ता गरेको आरोप लगाए । उनका अनुसार आन्दोलनमा सहभागी परिवारहरूले अझैसम्म रोजगारी, स्वास्थ्य, शिक्षा तथा सामाजिक सुरक्षाजस्ता आधारभूत सुविधाबाट वञ्चित हुनुपरेको छ ।

ज्ञापनपत्रमा प्रत्येक शहिद तथा घाइते परिवारबाट एक जनालाई रोजगारी दिनुपर्ने, स्वास्थ्य बिमाको व्यवस्था गर्नुपर्ने तथा शिक्षा क्षेत्रमा छात्रवृत्ति उपलब्ध गराउनुपर्ने माग गरिएको छ । साथै, ‘मधेशी शहिद तथा घाइते प्रतिष्ठान’लाई स्वायत्त संस्था घोषणा गर्नुपर्ने, परिचयपत्र वितरण गर्नुपर्ने तथा बैंक तथा वित्तीय संस्थामार्फत सहुलियतपूर्ण ऋणको व्यवस्था गर्नुपर्ने माग पनि अघि सारिएको छ ।

समितिले विगतका आन्दोलनमा घाइते भएका तथा संघर्षमा सहभागीहरूको योगदानलाई राज्यले अझैसम्म उचित मूल्यांकन नगरेको गुनासो गरेको छ । आन्दोलनकारीहरूले सरकारसँग तत्काल वार्तामा बसेर आफ्ना माग सम्बोधन गर्न आग्रह गरेका छन् ।

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जात/जाति, भाषाभाषी, धर्म र संस्कृतिको आदर गरौं,
- आपसी समझदारी, सहिष्णुता र भाइचारा प्रवर्द्धन गरौं,
- घृणा, विभेद र हिंसात्मक व्यवहार त्यागौं,
- पर्व-उत्सवहरू सँगै मिलेर मनाऔं,
- अफवाह र भ्रामक सूचनाप्रति सजग बनौं,
- संवाद र सहकार्यबाट विवादको समाधान गरौं,
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान पुर्‍याऔं ।

*विविधतामा एकता भन्ने भावना विकास गरौं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## दशगजामा बेवारिसे शव फेला




दैनिक समाचारदाता

सर्लाही १२ जेठ । सर्लाहीको पर्सा गाउँपालिका(२ संग्रामपुरस्थित नेपाल(भारत सीमा क्षेत्रको दशगजा क्षेत्रमा एक पुरुषको बेवारिसे शव फेला परेको छ । जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवम डीएसपी सरोज राईका अनुसार सोमबार दिउँसो करिब ४ बजे सीमा स्तम्भ नम्बर ३१७/२ देखि करिब ५० मिटर पूर्वतर्फ दशगजाको डिलमा नेपालतर्फ अन्दाजी ५० वर्ष उमेरका पुरुषको शव फेला परेको हो । मृतकको नाम, थर खुल्न सकेको छैन ।

प्रहरीका अनुसार घटनास्थलमा बोराको झोलाभित्र मदिरा र केही भारतीय रकम समेत भेटिएको छ । स्थानीयले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा पठाउने तयारी गरिएको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम



## सम्पादकीय

# आयात बढ्दै, उत्पादन घट्दै

देशको प्रमुख व्यापारिक नाकाका रूपमा परिचित वीरगन्ज भन्सार हुँदै चालु आर्थिक वर्षको १० महिनामा करिब आठ खर्ब रुपैयाँ बराबरको वस्तु आयात हुनु केवल आर्थिक गतिविधिको संकेत मात्र होइन, नेपालको आर्थिक संरचनामाथि गम्भीर प्रश्न उठाउने विषय पनि हो। तथ्यांकअनुसार गत वर्षको तुलनामा करिब १५ प्रतिशतले आयात वृद्धि हुनु उपभोगमुखी अर्थतन्त्र अझ गहिरिँदै गएको प्रमाण हो।

विशेषगरी पेट्रोलियम पदार्थ, फलामजन्य सामग्री, मेसिनरी तथा भटमासको कच्चा तेलजस्ता वस्तुको उच्च आयातले नेपाल अझै पनि उत्पादनभन्दा उपभोगमा निर्भर राष्ट्र बनेको देखाउँछ। पेट्रोलियम पदार्थमा मात्रै एक खर्ब ८१ अर्ब रुपैयाँभन्दा बढी खर्च हुनु ऊर्जा क्षेत्रमा आत्मनिर्भरता हासिल गर्न नसकेको स्पष्ट संकेत हो। यस्तै, फलाम तथा निर्माण सामग्रीको ठूलो आयातले देशभित्र पूर्वाधार विकास भइरहेको देखिए पनि ती सामग्री स्वदेशमै उत्पादन गर्न नसक्नु दीर्घकालीन कमजोरी हो।

आयात वृद्धिसँगै राजस्व संकलन बढ्नु सरकारका लागि तत्कालीन रूपमा सकारात्मक देखिए पनि यसले अर्थतन्त्रलाई सन्तुलित बनाउँदैन। किनभने अत्यधिक आयातले विदेशी मुद्रा सञ्चितिमा दबाब सिर्जना गर्छ, व्यापार घाटा बढाउँछ र अन्ततः देशलाई परनिर्भरताको चक्रमा फसाइराख्छ। नेपालले वर्षौंदेखि भोगिरहेको व्यापार घाटाको मूल कारण यही असन्तुलित आयात-निर्यात संरचना हो।

वीरगन्ज नाका हुँदै बढिरहेको व्यापारिक गतिविधि आर्थिक चलायमानताको संकेत अवश्य हो, तर यसले सरकारलाई उत्पादनमूलक उद्योग, ऊर्जा, कृषि र स्वदेशी कच्चापदार्थमा आधारित उद्योग विस्तारतर्फ गम्भीर बन्न पनि सन्देश दिएको छ। यदि आयातको यो गति निरन्तर बढिरहने हो भने देशको आर्थिक आत्मनिर्भरता केवल नारामै सीमित हुनेछ।

अब आवश्यकता आयातलाई नियन्त्रण गर्नेभन्दा पनि स्वदेशी उत्पादनलाई प्रतिस्पर्धी बनाउने नीतिको हो। उद्योगमैत्री वातावरण, ऊर्जा पहुँच, प्रविधि हस्तान्तरण र निर्यात प्रवर्द्धनमार्फत मात्र नेपालले सन्तुलित अर्थतन्त्रतर्फ अघि बढ्न सक्छ। अन्यथा वीरगन्ज भन्सारमा बढ्दो चहलपहलले राजस्व त बढाउला, तर राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउन सक्दैन।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# भारतको डिजिटल विद्रोहको नयाँ विम्ब

*विनोद ढुङ्गेल*

काठमाडौँको वसन्तपुर डबली होस् या नयाँ बानेश्वरको चोक, भद्रकालीको सडक होस् या फेसबुक र टिकटकका अल्गोरिदम, पछिल्ला केही वर्षयता नेपाली राजनीति एउटा बलियो 'युवा लहर'को वरिपरि घुमिरहेको छ। पुराना दलहरूको अकर्मण्यता, बेरोजगारीले निम्त्याएको चरम निराशा र परिवर्तनको तीव्र छटपटीबिच 'स्वतन्त्र' र 'पपुलिस्ट' नाराहरूले नेपाली युवा मानसपटललाई कब्जा गरेका छन्।

छिमेकी देश भारतमा पनि युवा आक्रोश र डिजिटल प्रविधिको सम्मिश्रणले एउटा यस्तो सुनामी ल्याएको छ, जसले रैथाने राजनीतिको व्याकरण नै बदल्ने सङ्केत गरिरहेको छ। यसको पछिल्लो र सबैभन्दा विद्रोही विम्ब बनेर उदाएको छ, कक्रोच जनता पार्टी ( सीजेपी)।

१६मे २०२६ मा सुरु भएको यो डिजिटल-फर्स्ट व्यङ्ग्यात्मक आन्दोलनले भारतमा मात्र होइन, सम्पूर्ण दक्षिण एसियाकै सिमाना नाघेर नयाँ पुस्ताको आक्रोशलाई प्रतिनिधित्व गरिरहेको छ। सामाजिक सञ्जाल इन्स्टाग्राममा स्थापनाको पाँचौं दिनमा मात्रै १ करोड ७० लाखभन्दा बढी फलोअर्स कमाउँदै विश्वकै सबैभन्दा ठुलो दल दाबी गर्ने सत्तारुढ भारतीय जनता पार्टी (भाजपा)को आधिकारिक ह्यान्डललाई समेत पछारेपछि यसको चर्चा नेपालीमाझ पनि तीव्र बनेको छ।

यसको लोकप्रियताको पारो यति तीव्र छ कि दिउँसो यससम्बन्धी भिडियो बनाउँदा रेकर्ड गरेको तथ्याङ्क त्यो भिडियो सम्पादन गरेर दर्शकसमक्ष पुर्‍याउँदासम्म करिब तीन घण्टामा ३० लाखले बढिसकेको थियो। यो आलेख तयार पार्दा (मे २२ राती १० बजे) सम्म यो सङ्ख्या २ करोड १२ लाख नाघिसकेको छर तपाईंले यो आलेख पढ्दासम्म पक्कै पनि यो थप बढिसकेको हुनेछ। यस हिसाबले यो दक्षिण एसियाली राजनीतिक प्रणालीकै लागि एउटा बलियो चेतावनीका रुपमा मौलाउँदै गएको छ।

### *उत्पत्ति र नामकरण*

यो आन्दोलनको बिउ कुनै राजनीतिक सभा वा घोषणापत्रबाट होइन, भारतका प्रधानन्यायाधीशको एउटा विवादास्पद टिप्पणीबाट रोपिएको थियो। १५ मे २०२६ मा भारतका प्रधानन्यायाधीश सूर्य कान्तले नक्कली प्रमाणपत्रधारीहरूको एउटा मुद्दाको सुनुवाइ गर्ने क्रममा एउटा कडा टिप्पणी गरे।

मिडिया, सामाजिक सञ्जाल र सूचनाको हक प्रयोग गर्ने अभियन्ताहरूलाई लक्षित गर्दै उनले भनेका थिए, "समाजमा धेरै अघिदेखि त्यस्ता केही परजीवीहरू छन्, जसले व्यवस्थामाथि हमला गरिरहन्छन्। र, तपाईंहरू त्यस्तासँग हात मिलाउन चाहनु हुन्छ? केही युवा त्यस्ता छन्, जसले रोजगारी नपाएकै कारण, कुनै पेसामा आफ्नो स्थान बनाउन नसकेकै कारण कक्रोचसरी चारैतिर फैलिन्छन्। तीमध्ये केही सामाजिक सञ्जालमा सक्रिय हुन्छन्, केही मिडियामा काम गर्न थाल्छन्, केही आरटीआई कार्यकर्ता बन्छन् र सबैमाथि हमला गर्न सुरु गर्छन्।'

यद्यपि प्रधानन्यायाधीश सूर्य कान्तले केही समयपछि नै आफ्नो भनाइको बचाउ गर्दै त्यो टिप्पणी समग्र बेरोजगार युवाहरूका लागि नभई नक्कली शैक्षिक प्रमाणपत्र प्रयोग गर्नेहरूका लागि मात्र भएको स्पष्टीकरण दिए। तर उनको वाणीरूपी वाण मुखरूपी कमानबाट छुटिसकेको थियो। भारतका करोडौं शिक्षित तर बेरोजगार युवाहरूलाई यो 'कक्रोच' र 'परजीवी' शब्दले मर्माहत बनायो।

राजस्थानका ३० वर्षीय राजनीतिक सञ्चार रणनीतिकार तथा बोस्टन युनिभर्सिटीका स्नातकोत्तर विद्यार्थी अभिजीत दिप्केले यो अपमानलाई नै सत्ताविरुद्धको सबैभन्दा ठुलो हतियार बनाउने निर्णय गरे। उनले २४ घण्टाभित्रै कृत्रिम बुद्धिमताका औजारहरूको प्रयोग गरेर एउटा वेबसाइट, एउटा गुगल फर्म र एउटा व्यङ्ग्यात्मक घोषणापत्र तयार पारे र नाम दिए- कक्रोच जनता पार्टी।

'साङ्ला त्यहाँ मात्र बस्छ जहाँ फोहोर र कुहिएको तन्त्र हुन्छ', भन्दै अभिजीतले राज्यको प्रणालीगत भ्रष्टाचारमाथि व्यङ्ग्य गरे। अनलाइन सदस्यताका लागि उनले राखेका सर्तहरू पनि उत्तिकै रोचक र व्यङ्ग्यात्मक थिए। आवेदक बेरोजगार हुनुपर्ने (बाध्यताले, रहरले वा सिद्धान्तले), शारीरिक रूपमा अल्छी हुनुपर्ने, दैनिक कम्तीमा ११ घण्टा अनलाइन बस्ने र व्यावसायिक रूपमा आक्रोश पोख्न सक्ने क्षमता भएको हुनुपर्ने।

### *पपुलिजममाथिको हस्तक्षेप*

कक्रोच जनता पार्टी (सीजेपी) केवल इन्टरनेटको हाँसो-मजाक र 'मिम' (गिल्ला) संस्कृतिमा मात्र सीमित छैन, यसको गम्भीरता र वैचारिक स्पष्टताले यसलाई अन्य सतही पपुलिष्ट आन्दोलनहरूभन्दा भिन्न र कडा बनाएको छ। नेपालमा बालेन्द्र शाह वा अन्य नव-पपुलिष्ट शक्तिहरूको पछि लाग्ने लहरलाई हेर्ने हो भने उनीहरूको राजनीतिक विचारधारा, आर्थिक दृष्टिकोण र राज्य सञ्चालनको मार्गचित्रमा एउटा गम्भीर रिक्तता र अस्पष्टता देखिन्छ। उनीहरू 'परिवर्तन' र 'सफाइ' को कुरा त गर्छन्, तर राष्ट्रको आधारभूत राजनीतिक प्रणालीका विषयमा मौन बस्छन्।

सीजेपी यहाँनिर विल्कुलै भिन्न र वैचारिक रूपमा परिपक्व देखिएको छ। यस दलले समाजवाद, धर्मनिरपेक्षता र सामाजिक न्याय जस्ता गम्भीर र जटिल विषयहरूमा आफ्नो दृष्टिकोण अत्यन्त स्पष्ट र दृढताका साथ राखेको छ। भारतको बहुसांस्कृतिक र बहुधार्मिक बनोटलाई नजरअन्दाज नगरी सीजेपीले राज्यको धर्मनिरपेक्ष चरित्रको वकालत गरेको छ भने आर्थिक असमानतालाई चिर्न समाजवादको मर्मअनुरूप कल्याणकारी राज्यको ढाँचालाई अघि सारेको छ।

यसले के प्रमाणित गर्छ भने, नयाँ पुस्ता आक्रोशित मात्र छैन, ऊसँग राष्ट्रको राजनीतिक दर्शन र आर्थिक दिशा तय गर्न सक्ने वैचारिक चेत पनि छ।भारतमा यसको प्रभाव हाल तीव्र रूपमा विस्तारित हुँदै गइरहेको छ। केवल १९ देखि २५ वर्ष उमेर समूहका युवाहरू होइन; समाजका बौद्धिक, श्रमिक र उत्पीडित समुदायसमेत यस डिजिटल आन्दोलनमा एकाकार हुन थालेका छन्। दिप्के आम आदमी पार्टीका पूर्व सोसियल मिडिया वर्कर भएकोले पनि उनको राजनीतिक समझ कमजोर नभएको अनुमान गर्न सकिन्छ। उनको अभियानमा तृणमूल कङ्ग्रेसका सांसदहरू माहुवा मोइत्रा र कीर्ति आजादसमेत जोडिइसकेका छन्।

यसको सम्भावित थप प्रभाव झन् दूरगामी हुने राजनीतिक विश्लेषकहरूको अनुमान छ। यदि यसले आफ्नो यो अनलाइन लहरलाई सडक र निर्वाचनको मतपत्रसम्म रूपान्तरण गर्न सक्यो भने, यसले भारतको स्थापित दलीय संरचना, विशेष गरी सत्तारुढ भारतीय जनता पार्टी (भाजपा) को हिन्दु राष्ट्रवाद र परम्परागत कङ्ग्रेसको सम्भ्रान्त राजनीति दुवैलाई विस्थापित गरेर एउटा नयाँ, प्रगतिशील र आधुनिक राजनीतिक विकल्पको जग बसाल्न सक्छ।

सीजेपीले भारतको संस्थापनतन्त्रलाई हल्लाउने गरी आफ्नो घोषणापत्रमा अघि सारेका मुख्य एजेन्डाहरू यस प्रकार छन्:

१. ***न्यायिक जबाफदेहिता :*** अवकाशप्राप्त प्रधानन्यायाधीशहरूलाई सरकारले दिने राजनीतिक नियुक्ति वा राज्यसभामार्फत दिइने 'पुरस्कार' माथि पूर्ण प्रतिबन्ध लगाउनुपर्ने।
२. ***प्रत्येक वैध मतको रक्षा :*** नागरिकहरूको मत खोस्नु आतंकवाद भन्दा कम नभएकोले यदि कुनै पनि राज्यमा वैधरूपमा खसेको मत हटाइयो भने प्रमुख निर्वाचन आयुक्तलाई गैरकानूनी गतिविधि रोकथाम ऐनअन्तर्गत पक्राउ गरिनुपर्ने।
३. ***महिला आरक्षण :*** संसद् र मन्त्रिपरिषदमा महिलाहरूका लागि ३३ प्रतिशत होइन, ५० प्रतिशत आरक्षणको सुनिश्चितता गर्नुपर्ने।
४. ***स्वतन्त्र मिडिया :*** अम्बानी र अडानी जस्ता ठुला व्यापारिक घरानाको स्वामित्वमा रहेका मिडियाहरूको लाइसेन्स खारेज गरी मिडियालाई वास्तविक अर्थमा स्वतन्त्र बनाउनुपर्ने र गोदी मिडियाका सञ्चालकहरूको सम्पत्ति छानबिन गरिनुपर्ने।
५. ***दल-बदल विरोधी कडा कानुन:*** चुनाव जितेपछि स्वार्थका लागि पार्टी बदल्ने सांसद वा विधायकहरूलाई २० वर्षसम्म चुनाव लड्न वा कुनै सार्वजनिक पदमा बहाल हुन नपाउने गरी प्रतिबन्ध लगाउनुपर्ने।

न्यायिक जबाफदेहिताको सन्दर्भ नेपालमा पनि जोडतोडले उठिरहेको बेला छ यो। यदि कुनै न्यायाधीशले अवकाशपछि सरकारबाट ठुलो पद (जस्तैः भारतमा राज्यसभा सदस्य वा राज्यपाल) पाउने आशा राख्छन् भने उनले पदमा रहँदा सरकारको पक्षमा फैसला सुनाउन सक्ने जोखिम रहन्छ। अदालतलाई राजनीतिक प्रभावबाट मुक्त राख्न र न्यायाधीशहरूको निष्ठा संविधानप्रति मात्र होस् भन्ने सुनिश्चित गर्न यो माग गरिएको देखिन्छ। भारतमा केही यस्ता घटनाहरू भए जसका कारण यो बहस चर्किएको हो।

पूर्व प्रधानन्यायाधीश रञ्जन गोगोई अवकाश पाएको चार महिनामै सन् २०२० मा मोदी सरकारको सिफारिसमा तत्कालीन राष्ट्रपति रामनाथ कोविन्दबाट राज्यसभा सदस्य मनोनीत भएका थिए। भारतको सर्वोच्च अदालतको न्यायाधीशबाट अवकाश भएपछि एस. अब्दुल नजिरलाई मोदी सरकारकै सिफारिसमा राष्ट्रपति द्रौपदी मुर्मुबाट सन् २०२३ मा आन्ध्र प्रदेशको राज्यपाल (गभर्नर) बनाइयो। पी. सदाशिवम भारतको सर्वोच्च अदालतको प्रधानन्यायाधीश पदबाट अवकाशपछि सन् २०१४ मा केरलाको राज्यपाल (गभर्नर) बनेका थिए।नरेन्द्र मोदी पहिलो पटक प्रधानमन्त्री भएको साढे तीन महिनाभित्रै सरकारले गरेको सिफारिसका आधारमा राष्ट्रपति प्रणव मुखर्जीले सदाशिवमलाई यस्तो नियुक्ति दिएका थिए।

नेपालमा पनि संविधानविपरित बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मी र सेवा निवृत्त प्रधानन्यायाधीश सुशीला कार्कीलाई सरकार प्रमुख बनाइसकिएको छ। जनताको अदालतप्रतिको विश्वासलाई पुनः स्थापित गर्न न्यायाधीशहरूले अवकाशपछि कम्तीमा ६ वर्ष कुनै पनि सरकारी वा राजनीतिक पद लिनु हुँदैन भन्ने भारतको सन्दर्भमा अभिजीत दिप्के र कक्रोच जनता पार्टीले अघि सारेको तर्क नेपालको सन्दर्भमा पनि मिल्ने देखिन्छ।

नेपालमा त सर्वोच्च अदालतका न्यायमूर्तिहरूलाई यस्तो राजनीतिक नियुक्तिमा संविधानले नै निषेध गरेको भए पनि रेग्मीको हकमा दलहरूबिचको आपसी मिलेमतोमा र कार्कीको सन्दर्भमा जेनजी विद्रोहपछिको हुलमुलमा प्रधानमन्त्री बनाइएको थियो। अहिले चौथो बरीयतामा रहेका डा. मनोजकुमार शर्मालाई सन्देहास्पद किसिमले 'पिक एण्ड चिज' गर्दा पनि त्यही स्वार्थ प्रेरित न्याय निरूपणको आशंका नेपाल बार एशोसिएशनलाई भएको महासचिव केदार कोइरालाको भनाइ छ। यो नियुक्तिका लागि अपनाइएको तनावपूर्ण म्याराथन हतारोको पछाडि अन्य के स्वार्थ गाँसिएको छ भन्ने चाहिँ हालसम्म खुलिसकेको छैन।

सुरुमा कक्रोच पार्टीका सुरुमा ५ मुख्य बुँदे एजेन्डा सार्वजनिक गरे पनि, युवाहरूको ठुलो समर्थन र सुझावपछि परीक्षा पारदर्शिता तथा वित्तीय पारदर्शितालाई पनि यसमा थपिएको छ। त्यसैले यसका शुरुआती हप्ताका गतिविधिहरूका आधारमा के भन्न सकिन्छ भने यो कुनै 'मिम' मात्र होइन, यो त व्यङ्ग्यको भाषामा नीतिगत आक्रोश हो।

गम्भीर राजनीतिक विषयवस्तुसहित तर गिल्लामा आधारित डिजिटल राजनीतिक आन्दोलन यसरी फैलियो कि भारतका चर्चित विपक्षी नेताहरूले समेत यसलाई सामाजिक सञ्जालमा समर्थन गरे। सडकमा युवाहरू साङ्लाको पहिरन लगाएर सरसफाइ अभियान र जनप्रदर्शनमा उत्रिए। साङ्लाको पहिरन लगाएका युवाहरूले दिल्लीको यमुना नदीको कालिन्दी कुञ्ज घाटमा थुप्रिएको फोहोर र प्लास्टिक सफा गरे उनीहरूले यदि हामी साङ्ला हौं भने हामीले नै यो फोहोर सफा गर्नुपर्छ भन्ने व्यङ्ग्यात्मक सन्देश दिए। प्रदर्शनकारीहरूले 'मैं कक्रोच हुँ' लेखिएका प्लेकार्डहरू बोकेका थिए।

यो आन्दोलन कति प्रभावशाली बन्यो भने २१मे २०२६ मा भारत सरकारको कानुनी अनुरोधमा यसको मुख्य 'एक्स' ह्यान्डललाई भारतभित्र प्रतिबन्धसमेत गरियो। सूचना प्रविधि ऐनअन्तर्गत यसलाई प्रतिबन्ध लगाइएको छ। भारतको इलेक्ट्रोनिक्स र सूचना प्रविधि मन्त्रालयले यस खातालाई ब्लक गर्न आदेश दिएको हो। यो आदेश इन्टेलिजेन्स ब्यूरोबाट प्राप्त इनपुट र सिफारिसको आधारमा दिइएको बताइएको छ।

### *नेपाल र बङ्गलादेशका विद्रोहमाथि कटाक्ष*

कक्रोच जनता पार्टीको अभूतपूर्व उभार देखेपछि अन्तर्राष्ट्रिय मिडिया र विश्लेषकहरूले यसलाई नेपालमा सन् २०२५ को भदौरे विद्रोहमार्फत भएको बालेन्द्र शाहको उदय र बङ्गलादेशमा सन् २०२४ मा भएको विद्यार्थी नेतृत्वको हिंस्रक सत्तापलटसँग तुलना गर्न थालेका छन्। यस विषयमा संस्थापक अभिजीत दिप्केले मिडिया र टिप्पणीकारहरूलाई सम्बोधन गर्दै लेखेको एउटा भनाइ अहिले निकै भाइरल भइरहेको छ।

उनले स्पष्ट शब्दमा भनेका छन्, "धेरै पत्रकारहरूले मलाई यो जेन-जी आन्दोलन नेपाल वा बङ्गलादेशमा जस्तै परिणत हुने हो भनेर सोधिरहेका छन्। म के स्पष्ट पार्न चाहन्छु भने यस्तो तुलना गरेर भारतको जेनजी (नयाँ पुस्ता) को अपमान वा अवमूल्यन नगर्नुहोस्। यो देशका युवाहरू धेरै परिपक्व, सचेत र राजनीतिक रूपमा उनीहरूलाई दिइने श्रेयभन्दा धेरै नै सजग छन्।'

अभिजीतको यो भनाइ जवाफ मात्र थिएन, बरु नेपाल र बङ्गलादेश दुवै देशका युवा आन्दोलनहरूलाई 'विध्वंसकारी' ठहर गर्ने एउटा स्पष्ट ठप्पा र अप्रत्यक्ष कटाक्ष पनि थियो।यदि गम्भीर भएर हेर्ने हो भने, नेपालको जेनजी विद्रोहपछि सत्ताको बुई चढेर बलशाली देखिएका नयाँ शक्तिहरूले युवा आन्दोलनको बखान गर्न र तत्कालीन सरकारले गराएको मानवीय क्षतिको विरोध गर्न त कत्ति पनि कञ्जुस्याइँ गरेनन्। तर, त्यही विद्रोहका नाममा देशव्यापी रूपमा भएका आगजनी, सार्वजनिक सम्पत्तिको विनाश र अराजकताको बारेमा कसैले पनि न्यूनतम नैतिक जिम्मेवारीसम्म लिएका छैनन्।

सीजेपीले यही प्रवृत्तिमाथि तीखो प्रहार गरेको छ। परिवर्तनका नाममा सडकमा आगजनी गर्नु र भौतिक संरचना भत्काउनु मात्रै क्रान्तिकारीपन होइन, बरु परिपक्व लोकतान्त्रिक विधिभित्रै रहेर स्थापित प्रणालीलाई व्यङ्ग्य र नीतिगत दबाबमार्फत गलाउनु वास्तविक राजनीतिक चेतना हो भन्ने सीजेपीको निष्कर्ष छ।

### *डिजिटल रणभूमि*

सीजेपीले आफ्नो आन्दोलनका लागि इन्टरनेट मिम्स, एआई जेनेरेटेड औजार र इन्स्टाग्राम रिल्सलाई मुख्य हतियार बनाएको छ। समग्र दक्षिण एसियाली भूगोललाई नियाल्ने हो भने, फरक-फरक सामाजिक सञ्जालको बुई चढेर युवाहरूले सत्ता हल्लाउने प्रयास गरेका छन्, जसका आफ्नै सफलता र विफलताका कथाहरू छन।

नेपाल (डिस्कोर्ड र टिकटकको भूमिगत कमाण्ड): नेपालमा वैकल्पिक राजनीतिक लहर खडा गर्न फेसबुक र टिकटक मूल प्रवाहका माध्यम बने। तर, सबैभन्दा रणनीतिक र भूमिगत संवाद डिस्कोर्डमा भयो। डिस्कोर्डका विभिन्न सर्भरहरूमा झन्डै १५ हजारदेखि २० हजारसम्मको सङ्ख्यामा सङ्गठित युवाहरूले परम्परागत सञ्चारमाध्यमलाई पत्तै नदिई आन्दोलनको रणनीति र ट्रोलिङ गाइडलाइन बुने। यसले पुराना दललाई धक्का दिन त सफलता पायो, तर देश निर्माणको संस्थागत खाका कोर्न भने यो लहर अझै रूमल्लिइरहेको छ।

बङ्गलादेश (सिग्नल र मेस-नेटवर्किङको विद्रोह): बङ्गलादेशमा युवाहरूले फेसबुक ग्रुप, ह्वाट्सएप र इन्क्रिप्टेड म्यासेजिङ एप सिग्नलमार्फत आन्दोलन हाँके। सरकारले इन्टरनेट ठप्प पार्दा उनीहरूले 'अफलाइन मेस-नेटवर्किङ' प्रविधि प्रयोग गरे। १५ वर्षे शेख हसिनाको शासन ढाल्न त उनीहरू सफल भए, तर त्यसपछिको राजनीतिक अस्थिरता, अल्पसङ्ख्यकमाथिको आक्रमण र अराजकता व्यवस्थापनमा यो आन्दोलन असफल जस्तै देखियो।

श्रीलङ्का (ट्विटर र क्राउडसोर्सिङको 'अरागालया'): अरागालया शब्दको शाब्दिक अर्थ सिंहाली भाषामा 'संघर्ष' हुन्छ। आर्थिक सङ्कटले पिल्सिएका श्रीलङ्काली युवाहरूले सन् २०२२ मा श्रीलङ्काका तत्कालीन राष्ट्रपति गोताबाया राजापाक्षे विरुद्ध ट्विटर (एक्स) र टिकटकको प्रयोग गरी अरागालया चलाए। उनीहरूले क्राउडसोर्सिङमार्फत गुगल म्यापमा हाहाकार भएका स्थानहरूको डिजिटल नक्साङ्कन गरेर राष्ट्रपति भवन नै कब्जा गरे। शासकलाई देश छोड्न बाध्य पार्ने ऐतिहासिक सफलता पाए पनि अन्ततः मुलुक फेरि पुरानै राजनीतिक सम्भ्रान्तहरूको हातमा पुग्दा युवाहरूको क्रान्ति संस्थागत हुन सकेन।

पाकिस्तान (ट्विटर र टिकटकमा इमरानको 'डिजिटल आर्मी'): पाकिस्तानमा सैन्य संस्थापन र सरकारले पूर्वप्रधानमन्त्री इमरान खानमाथि प्रतिबन्ध लगाउँदा त्यहाँका जेनजी युवाहरूले एक्स स्पेस, टिकटक र युट्युबमा एआई जेनेरेटेड भर्चुअल र्‍यालीहरूमार्फत धावा बोले। आम निर्वाचनमा जेलभित्र रहेका नेता इमरान खानका स्वतन्त्र उम्मेदवारहरूलाई जिताएर इतिहासकै ठुलो डिजिटल सफलता त उनीहरूले दर्ता गरे, तर सेनाको कडा दमन र कानुनी उल्झनका कारण उनीहरू देशको सत्ता समीकरण बदल्न भने असफल रहे।

पाकिस्तानमा शक्तिशाली मानिने सेनाले इमरान खानलाई सत्तामा आउन नदिन विभिन्न हत्कण्डा अपनाएको आरोप लाग्यो। अन्ततः, सेनाको समर्थनमा पाकिस्तान मुस्लिम लीग र पाकिस्तान पिपुल्स पार्टी मिलेर गठबन्धन सरकार बनाए। जनमत इमरान खानको पक्षमा देखिए पनि संस्थापन पक्ष (सेना) को हस्तक्षेपका कारण उनले सरकार बनाउन पाएनन् र उनी अझै जेलमै छन्। यो घटनालाई विश्वभर सामाजिक सञ्जालले कसरी चुनावमा प्रभाव पार्न सक्छ भन्ने ठुलो उदाहरणका रूपमा लिइन्छ।


मालदिभ्स (फेसबुक र एक्सको 'इन्डिया आउट' लहर): मालदिभ्समा युवाहरूले फेसबुक र एक्स (ट्विटर) को प्रयोग गरेर उग्रराष्ट्रवादी र भू-राजनीतिक सेन्टिमेन्ट चलाए। 'इन्डिया आउट' जस्ता डिजिटल ह्यासट्यागले त्यहाँ सत्ता परिवर्तन गराउन त सफलता पायो, तर पछि त्यही सरकार चरम ऋण सङ्कट र आर्थिक मन्दीमा फस्दा युवाहरूको डिजिटल राष्ट्रवाद केवल राजनीतिक गोटी मात्रै बनेको पुष्टि भयो।

***भुटान:*** कुल राष्ट्रिय खुसी, शान्ति र वातावरणका लागि प्रशंसित भुटानको अवस्था अर्कै छ। भुटानी सन्दर्भमा अमेरिकामा पुनर्स्थापित भुटानी पत्रकार विद्यापति मिश्र सीजेपीको उदयबारे टिप्पणी गर्दै भन्छन्, 'भुटानमा पनि शिक्षित युवाहरू रोजगारीको अभाव र बढ्दो लागतका कारण देश छाड्ने सपना देखिरहेका छन्, जुन कुनै पनि राष्ट्रका लागि घातक हो। स्थायित्व मात्रै पर्याप्त छैन, अवसर नभए फ्रस्ट्रेसन जन्मिन्छ। नेताहरूले युवाहरूको बुद्धिको सम्मान गर्नुपर्छ, नत्र यो गिल्ला विद्रोहमा परिणत हुनेछ।' हुन पनि पत्रकार मिश्रले भनेजस्तै 'जब युवाहरूले आफ्ना आवाजहरूको अर्थ छ भन्ने विश्वास गर्न छाड्छन्, तब व्यङ्ग्य नै विद्रोह बन्छ।'

*बाँकी पृष्ठ ३मा*

# टी रेक्सका हातहरू शरीरको तुलनामा किन साना थिए

एउटा नयाँ अध्ययनले डाइनसोर टाइरानोसोरस रेक्स (टी रेक्स)



र अन्य दुई खुट्टे डाइनसोरहरूको विशाल शरीरको तुलनामा साना साना पाखुराहरू किन हुन्थे भन्नेबारे जानकारी बाहिर ल्याएको छ।

"थेरोपडहरू खासगरी मांसाहारी दुई खुट्टे डाइनसोरहरू हुन्। कैयौं विशाल स्वरूपका डाइनसोरहरू भए पनि उनीहरूका हास्यास्पदरूपमा साना पाखुरा हुन्थे", युनिभर्सिटी कलेज लन्डनका पीएचडी विद्यार्थी चार्ली रोजर शेरर भन्छन्।

टी रेक्सहरू करिब १२ देखि १३ मिटर लामा हुन्थे तर उनीहरूका हातहरू करिब १ मिटरका हुन्थे।

त्यसो हुनुको कारण के होला भन्नेबारे विश्लेषण गर्ने थुप्रै सिद्धान्त छन्।

- कुखुराजत्रो सानो डाइनसोर पत्ता लागेपछि वैज्ञानिकहरू आश्चर्यमा
- 'मृत्यु नदी'मा डाइनसोरको सामूहिक चिहानको अनुसन्धान



त्यस्तो हुनुमा त्यस्तो स्वरूपको प्रजननमा भूमिका हुन सक्ने र जमिनबाट उठ्न सहयोग गर्न त्यसरी हात साना बन्दै गएको हुन सक्ने एउटा दृष्टिकोण छ।

केम्ब्रिज विश्वविद्यालय र युनिभर्सिटी कलेज लन्डन (युसीएल) यूकेको एक नयाँ अध्ययनले उनीहरूका लामा हातहरूले खानेकुरा पक्रन नसक्ने भएकाले हराएर गएका र त्यसको बदलामा ठूला र शक्तिशाली टाउको तथा च्यापुहरू विकसित हुँदै गएका देखाएको छ।



बीबीसीको टुडे कार्यक्रममा बोल्दै युनिभर्सिटी अफ केम्ब्रिजकी डा. एलिजाबेथ स्टीलले भनिन् : जो पनि यति ठूलो मांसाहारी डाइनसोरको सानो हात पाखुरा किन हुन्छ भन्नेमा आश्चर्यचकित हुन्छन्।

यो समूहले अध्ययनका क्रममा थेरोपडको ८२ प्रजातिमाथि अनुसन्धान गरेको थियो र त्योमध्ये पाँच समूहमा टी रेक्स सहितका डाइनसोरहरूको हातहरू छोटो भएको पाइयो।

उनीहरूले आकार तथा हाडको बनोटको आधारमा खप्पर कति बलियो थियो भनेर मापन गर्ने तरिका पनि फेला पारे।

"र हामीले खप्पर र शरीरको आकारको अनुपात हेर्‍यौं र हातको लम्बाइ र खप्पर तथा शरीरको आकारको तुलना गर्‍यौं...र हामीले त्यस्तो प्रवृत्ति कस्तो थियो भन्ने पनि हेर्‍यौं, स्टील भन्छिन्।

### *विकासक्रमको सिद्धान्तले के देखाउँछ*

अनुसन्धानकर्ताहरूको समूहले अगाडिका हात छोटो हुनु र टाउको तथा च्यापु बलियो हुनुबीच नजिकको सम्बन्ध थियो भन्ने पत्ता लगाए। उनीहरूका अनुसार हात छोटो हुनु उक्त जनावरको शरीर ठूलो हुनुको परिणाम थिएन भन्ने थाहा हुन्छ।

वास्तवमा मजुङ्गासोरस जस्ता डाइनसरहरू माडागास्करमा बस्थे, उनीहरूका हात साना थिए र उनीहरूको शरीर पनि धेरै ठूलो थिएन। तर उनीहरूका शिर भने शक्तिशाली थिए।

"यस्ता खालका अनुकूलन चाहिँ विशाल शिकारहरू उपलब्ध रहेका ठाउँमा भएको देखियो," शेरर भन्छन्- शरीरको त्यस्तो प्रारूप सम्भवत: शिकार गर्ने तरिकासँग सम्बन्धित थिए।

थेरापडहरूको आहाराको एक हिस्सा विशाल शाकाहारी सरोपडहरू पनि थिए - लामा घाँटी, लामो पुच्छर भएका बिरुवा खाने डाइनसोरहरू।

अनुसन्धानकर्ताहरू खप्पर ठूलो र बलियो हुँदै जानुमा यी शाकाहारीका आकार बढ्नु र "विकासक्रममा अरूलाई जित्न" पञ्जाभन्दा मुख प्रयोग गर्नुपर्ने अवस्था आएको हुनसक्छ भन्ने अनुमान लगाउँछन्।

" आफ्नो पञ्जाले १०० फीट लामो सरोपड तानेर समात्ने कोशिस गर्नु उपयुक्त देखिन्न। मुखले आक्रमण गरेर पक्रनु चाहिँ बढ्ता प्रभावकारी भयो होला," शेरर भन्छन्।

"हमला गर्ने उपायमा हातको सट्टा टाउको प्रयोग हुन थाले। त्यसैले प्रयोग गर नत्र हराउँछ" जस्तो कुरा हो। हातहरू उपयोगी थिएनन् त्यसैले समयसँगै तिनको आकार घट्दै गयो।"

स्टीलका अनुसार कैयौँ डाइनसरहरूले आफ्ना अगाडिका हातहरूको पनि प्रयोग गर्दथे।

"तपाईँ देख्न सक्नुहुन्छ कि उनीहरूका खप्पर फरक छन्, लामा छन् र नाजुक पनि," उनी भन्छिन्।

अध्ययनले खप्पर बलियो हुनु र अगाडिको खुट्टाको लम्बाइबीच सम्बन्ध छ भन्ने स्थापित त गर्छ तर एउटाका कारण अर्कोको हालत त्यस्तो हुन पुगेको भनेर प्रमाणित गर्न सक्दैन भन्ने शेरर मान्छन्।

तर उनले भने- अगाडिका हात छोटो हुनुभन्दा अगाडि नै खप्परको प्रारूप बलियो बनेको भन्ने कुराको "ठूलो सम्भावना" देखिन्छ।

"विकासक्रमको सिद्धान्तको दृष्टिकोणबाट हेर्दा पहिले हात छोटो भयो अनि खप्पर बलियो भयो भन्न नसकिने र यी शिकारी प्रजातिले उनीहरूको आक्रमणको शैली अर्को कुनै विकल्प नभई छोडे होलान् भन्नु तर्कसङ्गत देखिन्न," उनले भने।

टोलीले पत्ता लगाए अनुसार थेरोपडका विभिन्न झुण्डले आफ्ना अगाडिका हातहरू फरक फरक तरिकाले घटाएको जस्तो देखिन्छ : कसैले हात र कुहिनादेखि तलको पाखुरा छोट्याएको पाइन्छ जबकि अन्य समूहका डाइनसोरमा सम्पूर्ण हात नै समानुपातिक रूपमा छोट्टिँदै गएको पनि पाइन्छ। यसले समानान्तर किसिमका विकासक्रममा विभिन्न समूहले सम्भवतः समान किसिमका परिणाम प्राप्त गरे।

स्टील भन्छिन्, "अन्य मानिसहरूले शङ्का गरेको कुरालाई हामीले पुष्टि गरेका छौं - यदि खप्पर विशाल छ भने हातहरू लामा हुन आवश्यक छैन।"

उनले थपिन्, "अन्य जनावरमा पनि बलियो खप्पर छ कि भनेर हेर्न यो तरिका प्रयोग गर्न सकिन्छ।"

"यो पङ्क्षीहरूमा जाँचेर हेर्न पाए रोचक हुने छ किनभने यी अहिले पनि हामीसँग रहेका थेरोपड डाइनसोरहरू हुन्।

साभार : बीबीसी/नेपाली

# भारतको ......

यो वैश्विक ट्रेन्डकै निरन्तरता हो । सन् २०२० मा अमेरिकामा भएको 'ब्ल्याक लाइभ्स म्याटर' आन्दोलनमा युवाहरूले टिकटक र इन्स्टाग्रामका माध्यमबाट आन्दोलन फैलाएका थिए भने के-पप फ्यानहरूले अनलाइन टिकट बुकिङ प्रणाली ह्याक गरेर डोनाल्ड ट्रम्पको चुनावी ऱ्याली नै फ्लप गराइदिएका थिए । त्यस्तै, नाइजेरियामा सन् २०२० को प्रहरी क्रूरता विरोधी) आन्दोलन पूर्ण रूपमा ट्विटर र क्रिप्टोकरेन्सी फन्डिङको बलमा टिकेको थियो ।

### *रंगबदलू प्रतिरक्षक र मूलधारका मिडिया*

नेपालमा अचम्मको एउटा नयाँ बौद्धिक वर्ग देखा परेको छ । पश्चिमा प्रभावमा खाइखेलेका, आफूलाई मात्र महाबुद्धिजीवी र बाँकी संसारलाई 'स्वाँगे बुद्धिजीवी' भन्ठान्ने केही चतुर मानिसहरू अहिले मूलधारका मिडिया र सामाजिक सञ्जालमा हाबी हुन थालेका छन् । यिनका साथमा विभिन्न राजनीतिक दलहरूसँग जोडिएर एकझमट अवसर पाएर मात्र चित्त नबुझेका वा आफ्नो स्वार्थ सिद्ध नभएका कारण कुण्ठा बोकेर बसेका वा महत्वाकांक्षाको पहाडले थिचिएका केही प्राज्ञिकका साथै विगतमा सरकारी पदमा बसेर जम्मा गरेका कल्मस धोइपखाली गर्न उद्यत पूर्व कर्मचारीहरूको जत्था पनि मिसिएको छ ।

यी कथित प्रबुद्ध वर्गले अहिले बजारमा एउटा नयाँ 'भाष्य' कथेका छन्: 'पपुलिष्ट नेताहरूले चालेका सबै कदम, बोलेका सबै कुरा ब्रह्मवाक्य हुन्, र परम्परागत राजनीति गर्नेहरू चाहिँ सबैका सबै बेठीक र पुरातनपन्थी हुन्।'

यी नव-ब्रम्हज्ञानीहरूको पछाडि कुन अदृश्य महत्त्वाकाङ्क्षा लुकेको छ, त्यो धेरै छिपेको त छैन तर मुखर रूपमा प्रकट हुन पनि बाँकी नै छ । तत्कालका लागि उनीहरू पपुलिष्ट शक्तिहरूको अन्ध-प्रतिरक्षक भएर देखा परेका छन् । परम्परागत दलहरूको साख गिरेको यो मौका छोपेर यी बुद्धिजीवीहरू 'मरेको बाघ' जस्ता भएका पुराना दलका नेताहरूको जुँगा उखेल्न लागिपरेका छन् । यसका पछाडि तिनको व्यक्तिगत वा सामूहिक आकाङ्क्षा झूलबाट देखिने तहमा पारदर्शी छ ।

तर, "मौसम अनुसारको ट्युनिक" गर्दै रङ्ग बदलिरहने यी कथित बुद्धिजीवीहरूको यो प्रथा र ढोँग त्यति टिकाउ खालको देखिँदैन । कतिपयका हकमा त बालेन शाह प्रधानमन्त्री हुनुभन्दा अघि र पछिका तिनका दाबी-प्रतिदाबीमा नै विरोधाभाष देखिइसकेका छन् । तिनका केही महिनायताका फेरिएका लोली र बोलीको रेकर्ड डिजिटल स्पेसमा सहज उपलब्ध छन् । नेपालका मूलधारका सञ्चारमाध्यमलेयस्ता रङ्गबदलूहरूका विचारमाथि तिनै मिडियामार्फत अन्य सचेत विश्लेषक, पत्रकार तथा स्तम्भकारहरूलाई पेस गरेर कडा शब्दमा चुनौती दिइरहेका पनि छन् र विचारका शहरीया खेतीवालहरूलाई मग्न बनाइरहेका छन् ।

मिडियामा लेखिएका पछिल्ला विश्लेषणात्मक लेखहरूले उदाङ्गो पारेको अर्को पक्ष पनि छ, त्यो हो- कसरी हिजोका दिनमा पुराना दलका नेताहरूको चाकरी गरेर पद पड्काएका र त्यतातिरको मुहान सुकेपछि कुण्ठा बोकेका यी मानिसहरू आज नयाँ पपुलिष्टहरूको 'स्टन्ट'लाई बौद्धिक जलप लगाउन मरिहत्ते गरिरहेका छन् । कतिपय भने नयाँ पहिचानका साथ समाजमा नयाँ कुरा गरेर नयाँ रवाफ देखाउन मात्र भए पनि यस्तो व्यसनमा रत्तिन खोजेकाहरू पनि देखिन्छन् ।

मूल प्रवाहका मिडियामा देखिएको विमर्शले अन्ध-समर्थक र कुण्ठित ज्ञानीहरू कहिल्यै देशको बौद्धिक धार हुन सक्दैनन्, बरु उनीहरू त केवल शक्ति वा प्रचारको च्याँखे थाप्ने लोकप्रियतावादीहरू मात्र हुन् भन्ने पनि पुष्टि गरिरहेका छन् । कतिपयले भने सबैलाई लोकप्रियतावादी नै हुन् भन्ने एउटै बर्को ओढाइदिएर समानता कायम गरिदिने जमर्को पनि गरेका छन् । पपुलिष्ट शक्तिहरूभित्र पनि कतिपय पुराना संस्थापन विचार राख्ने मान्छे छन् भने पुराना संस्थापनभित्र पनि पपुलिष्टहरू छन्, यो भने सत्य हो र यो स्वाभाविक पनि हो ।

जो जे भए पनि र बौद्धिम सम्भ्रान्तहरू जुनसुकै अवतारमा पेस भएपनि अवसरबाट वञ्चित पारिएको तर सामाजिक सञ्जालले महत्त्वाकाङ्क्षाको पहाड चढाएको नूतन पुस्ताका युवाहरू लोकप्रियतावादी नेताहरूकोस्टन्टमा मात्रै विश्वास गरेर धेरै लामो समय कुर्नसक्ने अवस्थामा छैनन् । यो पुस्ता अत्यन्तै अधीर छ । जब पपुलिष्टहरूले छिटो परिणाम दिन सक्दैनन्, तब यही पुस्ताले कुनै पनि बेला यस्तै नयाँ डिजिटल वेभ सिर्जना गरेर यी नयाँ पपुलिष्ट र तिनका प्रतिरक्षक बुद्धिजीवीहरूलाई समेत एकै झट्कामा बढारेर फालिदिन सक्छ ।

### *मोदी र बालेन: पपुलिष्ट विम्ब र शैली*

कक्रोच जनता पार्टीको उदयले दक्षिण एसियाका दुई फरक भूगोलका तर उस्तै प्रकृतिका लोकप्रिय विम्बहरूलाई गम्भीर आत्मसमीक्षाका लागि बाध्य पारेको छ- भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका प्रधानमन्त्री बालेन्द्र शाह ।

शैलीगत रूपमा हेर्दा नरेन्द्र मोदी र बालेन्द्र शाहका बीचमा उमेर र अभिव्यक्तिको स्पष्ट भिन्नता छ । नरेन्द्र मोदी उमेरले बालेन्द्र शाहभन्दा दोब्बर जेठा छन् । उनी मूलधारको मिडियालाई पूर्ण रूपमा बाइपास गरे पनि आफ्नो अनुकूलताका फोरमहरू, 'मन की बात' वा आफ्नै दलका आमसभाहरूमा घण्टौंसम्म निकै आक्रामक र धाराप्रवाह बोल्छन् ।

अर्कातर्फ, बालेन्द्र शाहको चरित्र बिल्कुल मौनतामा आधारित छ । काठमाडौंको मेयरमा निर्वाचित हुनुअघि केही सीमित अन्तर्वार्ता दिएका बालेन्द्र शाहले पोहोरको भदौरे विद्रोहयता सार्वजनिक रूपमा केही वाक्य मात्र बोलेका छन् । उनी भाषणमा होइन, फेसबुकका सटिक र कडा स्टेटसका माध्यमबाट संवाद गर्छन् ।

तर, यो भिन्नताका बाबजुद उनीहरूबिच डरलाग्दो समानता पनि छ ।

ठाँटिएको रूप र पोशाक: दुवै नेताहरू चिटिक्क लुगामा ठाँटिएर हिँड्न रुचाउँछन् । नरेन्द्र मोदीको 'डिजाइनर कुर्ता र महँगो कोट' र बालेन्द्र शाहको 'कालो चस्मा, सुट र विशिष्ट पहिरन शैली' दुवै आ-आफ्ना देशका युवाहरूका लागि ब्रान्ड विम्ब बनेका छन् ।

मिडियाप्रतिको साझा घृणा: मूल प्रवाहका पत्रकार र मिडियासँग गर्ने व्यवहारमा दुवै ठ्याक्कै उस्तै छन् । नरेन्द्र मोदीले मिडियालाई उपेक्षा गर्छन् भने बालेन्द्र शाहले पनि मूलधारका मिडियालाई 'बिकाउ' वा शत्रुवत् व्यवहार गर्छन् । दुवैले प्रश्न सोध्ने संस्थागत मिडियालाई बाइपास गरेर सिधै आफ्ना उपभोक्तासँग डिजिटल सञ्जालमार्फत एकतर्फी संवाद गर्छन् ।

क्रूर व्यक्तित्वको चित्रण: दुवै पपुलिष्ट नेताहरूको व्यक्तित्व लोकतान्त्रिक वा नरम होइन, बरु 'क्रूर र निर्दयी' शासकका रूपमा बढी चित्रित छ । नरेन्द्र मोदीको छवि कानुन र प्रणालीलाई मिचेर 'बुलडोजर' चलाउने, विपक्षीलाई जेल कोच्ने बलियो र निर्दयी नेताको छ । ठ्याक्कै त्यही शैलीमा, बालेन्द्र शाहको छवि पनि काठमाडौंका सडकमा फुटपाथ व्यापारी लखेट्ने, डोजर चलाउने र अदालत वा कानुनका स्थापित नजिरहरूलाई 'म मान्दिनँ' स्टाइलमा चुनौती दिने एउटा निर्दयी तर 'काम गर्ने' क्रूर नायकका रूपमा स्थापित गरिएको छ । दुवैका समर्थकहरू उनीहरूको यही 'क्रूरता' र 'तानाशाही शैली' मा गर्व गर्छन् ।

'भेल्भेट रेभोल्युसन' र 'खाकाविहीन' नयाँ पुस्ता

यो समग्र परिदृश्यलाई चेकोस्लोभाकियाका प्रसिद्ध नाटककार,राजनीतिक दार्शनिक तथा तत्कालीन राष्ट्रपति भात्स्लाभ हावेलको 'भेल्भेट रेभोल्युसन' (१९८९) को वैचारिक कडीसँग जोडेर हेर्न सकिन्छ । सोभियत संघ मोडेलको ४१ वर्षे कम्युनिस्ट शासन ढलेपछि भात्स्लाभ हावेलले आफ्नो लेखन र अन्तर्वार्ताहरूमा बारम्बार एउटा मार्मिक सत्य व्यक्त गरेका थिए,'विपक्षी र आन्दोलनकारी युवाहरूलाई पुरानो व्यवस्था खत्तम हुनुपर्छ र यसको अन्त्य अनिवार्य छ भन्ने कुरा त राम्रोसँग थाहा थियो, तर त्यसको भोलिपल्ट के आउनुपर्छ भन्ने कुराको कुनै ठोस खाका उनीहरूसँग थिएन ।'

भात्स्लाभ हावेलले सन् १९८९ पछिको अवधिलाई एउटा यस्तो 'तात्कालिक व्यवस्थापन' र 'नवीनता' को समय भनेका छन्, जसका लागि कोही पनि पूर्ण रूपमा तयार थिएनन् ।

आज नेपालका बालेन्द्र शाह हुन् वा भारतको सीजेपी र दक्षिण एसियाका अन्य विद्रोही युवाहरू, उनीहरू सबैमा भात्स्लाभ हावेलले औंल्याएको यही चरित्र देखिन्छ । उनीहरूलाई पुराना दल र नेताहरू 'खराब हुन्, यिनीहरू हट्नै पर्छ' भन्ने राम्रोसँग थाहा छ र त्यसैका विरुद्ध उनीहरू डिजिटल सडकमा विद्रोह बोलिरहेका छन् । साभार : रातोपाटीडटकम

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# प्रधानमन्त्रीलाई संसद्मा ल्याउने रास्वपाको प्रतिबद्धता



दैनिक समाचारदाता

काठमाडौं, १२ जेठ । राष्ट्रिय स्वतन्त्र पार्टीले प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)लाई संसद्मा उपस्थित गराउन पहल गर्ने प्रतिबद्धता जनाएको छ ।

विपक्षी दलहरूले संसद्मा प्रधानमन्त्रीको उपस्थिति खोजिरहेका छन् । यही मागका कारण सोमबार पनि प्रतिनिधिसभाको बैठक प्रभावित भयो ।

१५ मिनेटका लागि बैठक स्थगित गरेर सत्तापक्ष र प्रतिपक्षका नेताहरू सभामुखको अगुवाइमा संवादमा जुटेका छन् । यस क्रममा प्रधानमन्त्रीलाई संसद्मा उपस्थित गराउन पहल गर्ने प्रतिबद्धता सत्तारुढ रास्वपाका नेताहरूले गरेका हुन् ।

प्रत्येक महिनाको पहिलो साता प्रधानमन्त्री र सांसदहरुबीच प्रश्नोत्तर कार्यक्रम हुने प्रतिनिधिसभा नियमावलीमा छ । यस व्यवस्था प्रधानमन्त्री बालेन्द्र शाहले उल्लंघन गरेको भन्दै विपक्षीले संसद बैठक अवरुद्ध गर्दै आएका हुन् ।

नेताहरूका अनुसार प्रतिनिधिसभाको बैठकमा सत्तापक्षले संसद बैठकमा प्रधानमन्त्रीबाट सम्बोधन गराउने प्रतिबद्धता व्यक्त गर्ने विषयमा छलफल भएको छ । रास्वपाका तर्फबाट मुख्य सचेतक कबिन्द्र बुर्लाकोटीले प्रधानमन्त्रीले सम्बोधन गर्ने मिति घोषणा गर्ने तयारी छ ।

सत्तापक्षले प्रधानमन्त्रीका तर्फबाट हासउमा बोल्ने प्रतिबद्धता व्यक्त गर्ने र विपक्षीले सदनको अवरोध हटाउनेगरी सहमतिको प्रयास भएको छ ।

बैठक स्थगित भएपछिको बसेको छलफलमा रास्वपाबाट बुर्लाकोटी, कांग्रेसबाट प्रमुख सचेतक बासना थापा, एमालेबाट प्रमुख सचेतक ऐनबहादुर महर, नेकपाबाट प्रमुख सचेतक युवराज दुलाल, श्रम संस्कृतिबाट सांसद आरेन राई र राप्रपाबाट प्रमुख सचेतक खुश्बु ओली उपस्थित थिए ।

# श्रीमानको कुटपिटबाट श्रीमतीको मृत्यु



दैनिक समाचारदाता

हेटौडा १२ जेठ । मकवानपुरको हेटौंडा उपमहानगरपालिका(१ चौकिटोलस्थित तरकारी मण्डी क्षेत्रमा श्रीमानको कुटपिटबाट एक महिलाको मृत्यु भएको छ । मकवानपुरको मनहरी गाउँपालिका(३ घर भई हाल हेटौंडा उपमहानगरपालिका(१ चौकिटोल तरकारी मण्डीमा डेरा गरी बस्दै आएका अन्दाजी ४५ वर्षीय रामलाल ब्लोनले आफ्नी श्रीमती अन्दाजी ४२ वर्षीया ओमकुमारी भुजेललाई कुटपिट गरी गम्भीर घाइते बनाएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

आज बिहान साढे १० बजे प्रहरी चौकी चौकिटोलबाट खटिएको प्रहरी टोलीले गम्भीर अवस्थामा रहेकी महिलाको उद्धार गरी उपचारका लागि हेटौंडा अस्पताल पठाएको थियो ।

अस्पतालले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार मृतकको मुख, दुबै हातखुट्टा तथा ढाडमा निलडामसहित चोटपटक देखिएको छ । घटनामा संलग्न श्रीमान रामलाललाई प्रहरीले नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय मकवानपुरमा राखेर थप अनुसन्धान गरिरहेको जनाईएको छ ।

# सर्लाहीमा भरुवा बन्दुकसहित एकजना पक्राउ



दैनिक समाचारदाता

सर्लाही, १२ जेठ । सर्लाहीको बरहथवा नगरपालिका(१२ लौकट गाउँबाट प्रहरीले एक थान भरुवा बन्दुक र विस्फोटक पदार्थसहित एक जनालाई पक्राउ गरेको छ ।

सर्लाहीकै बागमती नगरपालिका(२ सुकुमवासी टोल बस्ने ३८ वर्षीय बुद्धिमान घलानलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । उनी तीन/चारजनाको समूहमा बन्दु बोक बोकेर हिँडिरहेका थिए । उक्त समूह प्रहरीलाई देख्नासाथ भागेका थिए । तीमध्ये घलान पक्राउ परेका हुन् ।

उनको साथबाट भरुवा बन्दुक थान(१ (एक), सोही बन्दुकको फलामको रड थान(१ (एक), प्लाष्टिकको डब्बासहित कालो रंगको धुलो पदार्थ डिजिटल तराजुमा तौल गर्दा ३५ (पैंतिस) ग्राम र स्टिलको डब्बासहित कालो रंगको धुलो पदार्थ १४० (एकसय चालिस ग्राम), साइकलमा प्रयोग हुने फलामको बल ८० (असी) थान र फलामको रडको टुक्रा ५ ( पाँच) थान बरामद गरिएको छ ।

उनलाई हातहतियार खरखजानासम्बन्धी कसुरमा सर्लाही जिल्ला अदालतबाट सात दिनको म्याद थप गराई थप अनुसन्धान भइरहेको छ ।

# मल र उखु किसानको भुक्तानीबारे सांसद सिंहको माग



दैनिक समाचारदाता

काठमाडौं, १२ जेठ । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद ब्चभकज प्फबच क्ष्लनज ले किसानका लागि समयमै रासायनिक मलको व्यवस्था गर्न सरकारसँग माग गरेका छन् ।

सोमबार प्रतिनिधिसभाको शून्य समयमा बोल्दै उनले रोपाइँको समय नजिकिइसकेको उल्लेख गर्दै किसानले मल अभाव झेल्न नपरोस् भन्नेमा सरकार गम्भीर हुनुपर्ने बताए । "अब १०/१५ दिनमै रोपाइँ सुरु हुन्छ, त्यसैले पर्याप्त मलको व्यवस्था सरकारले गरोस्," उनले भने ।

सांसद सिंहले उखु किसानहरूले भोगिरहेको समस्या पनि संसद्मा उठाएका छन् । उनका अनुसार चिनी उद्योगहरूले किसानको बक्यौता रकम अझै भुक्तानी गर्न सकेका छैनन् । सरकारले उपलब्ध गराउने भनिएको अनुदान तथा सहुलियत रकमसमेत किसानसम्म नपुगेको उनले बताए ।

किसानहरू उत्पादन लागत बढ्दै गएको र समयमा भुक्तानी नपाउँदा आर्थिक संकटमा परेको उल्लेख गर्दै उनले सरकारलाई तत्काल आवश्यक पहल गर्न आग्रह गरे ।

# खिचापोखरीबाट ६ करोड बराबरको भेप बरामद




दैनिक समाचारदाता

काठमाडौं, १२ जेठ । काठमाडौंको खिचापोखरी क्षेत्रबाट ठूलो मात्रामा अवैध इलेक्ट्रिक चुरोट (भेप) बरामद गर्दै प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

विशेष सूचनाका आधारमा खटिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले करिब ६ करोड रुपैयाँ बराबरको भेपसहित ललितपुरको महालक्ष्मी नगरपालिका(८ निवासी ३२ वर्षीय नवीन खड्कालाई नियन्त्रणमा लिएको हो ।

प्रहरीले काठमाडौं महानगरपालिका(२२ खिचापोखरीस्थित आरबी कम्प्लेक्सको अण्डरग्राउण्डमा रहेको 'स्माइल योर च्वाइस' पसल तथा सोही कम्प्लेक्सको अर्को भवनमा रहेको 'भेपमान्डु ट्रेडर्स प्रालि'को गोदाममा खानतलासी गरेको थियो ।खानतलासीका क्रममा विभिन्न कम्पनीका २८ हजार ५०० वटा बिलबिजक नभएका भेप बरामद गरिएको प्रहरीले जनाएको छ । बरामद सामग्री अवैध रूपमा भित्र्याइएको आशंका गरिएको छ ।पक्राउ परेका नवीन खड्का उक्त पसलका सञ्चालक रहेको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको छ ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क

इमेल : sdainik99@gmail.com,
मो.नं.: ९८५४०२०९२२

अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com

- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी

सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर


जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,


Phone :9861147201

नैना होस्पिटल प्रा.लि.

जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,

Phone :977041 591035, Mob. 9801674020






'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४